नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

## प्रेस विज्ञप्ति

आज मिति २०८२ कार्तिक २७ गते (तदनुसार १३ नोभेम्बर २०२५) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री अनिलकुमार सिन्हाज्यू 30th Partnership Summit 2025 मा सहभागी हुन भारतको विशाखापटनम् जाने क्रममा भारत सरकारका वाणिज्य तथा उद्योग मन्त्री श्री पीयूष गोयलज्यूसँग भारतको वाणिज्य तथा उद्योग मन्त्रालयको वाणिज्य भवन नयाँ दिल्लीमा भेटघाट गर्नुभयो ।

सो अवसरमा नेपाल र भारतबीच सम्पन्न पारवहन सन्धिको प्रोटोकलमा संशोधन गरी कोलकाता/विशाखापटनम्बाट विराटनगर-जोगवनीसम्म र कोलकाता/विशाखापटनमबाट नौतनवा(सुनौली) सम्म रेल मार्फत र त्यहाँबाट भैरहवासम्म सडकमार्ग प्रयोग गरी सबै किसिमका कार्गो ढुवानी गर्न पाउने गरी विद्यमान पारवहन सन्धिको प्रोटोकलमा संशोधन गर्ने Letter of Exchange (LOE)को आदान-प्रदान भयो। विगतमा उक्त दुवै नाकाबाट रेलमार्फत चारवटा वल्क सामान मात्र ढुवानी गर्न पाउने व्यवस्था रहेकोमा पारवहन सन्धिको प्रोटोकलमा भएको उक्त संशोधनबाट सबै किसिमका कार्गो ढुवानी गर्न सकिने र यसबाट नेपालको पारवहन लागत र समयमा कमी आई व्यापार सहजीकरणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ ।

उक्त भेटघाटको अवसरमा नेपाल र भारतबीचको द्विपक्षीय व्यापार, पारवहन व्यवस्था, व्यापार पूर्वाधार विकास र लगानी प्रवर्द्धनका विषयमा विस्तृत छलफल भयो। सो अवसरमा माननीय मन्त्रीज्यूले व्यापार तथा पारवहन सहजीकरण गर्नका लागि Bureau of Indian Standard(BIS) प्रमाणीकरण प्रकृया सरलीकरण र द्विपक्षीय व्यापार र पारवहन व्यवस्थामा थप सुधार एवम् सहजीकरण गर्ने सन्दर्भमा छलफलको क्रममा रहेका विषयहरुलाई निष्कर्षमा पुऱ्याउन जोड दिनुभयो। त्यसैगरी माननीय मन्त्रीज्यूले भारत सरकारको "छिमेकी पहिला नीति" को प्रशंसा गर्दै सो नीति अनुरुप द्विपक्षीय व्यापार एवं पारवहन व्यवस्थामा सुधारका साथै लगानी प्रवर्द्धनका लागि दुबै मुलुकले समन्वय र सहकार्यलाई अझ बढी उन्नत बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो। सो अवसरमा भारतका वाणिज्य तथा उद्योग मन्त्री श्री पीयूष गोयलज्यूले भारतले नेपाललाई विशेष प्राथमिकता दिएको उल्लेख गर्नुहुँदै छलफलका क्रममा रहेका तथा सम्बोधन गर्न बाँकी अन्य विषयलाई यथाशीघ्र टुङ्गोमा पुऱ्याउन जरुरी रहेको तर्फ दुबै देशका सम्वद्ध पदाधिकारीहरूलाई ध्यानाकर्षण गराउनुभयो। सोका लागि सम्बन्धित दुई पक्षीय संरचनालाई चलायमान एवं सक्रिय बनाउन निर्देशन दिनुभयो। उक्त कार्यक्रममा नेपालको तर्फबाट भारतका लागि महामहिम राजदूत डा. शंकर शर्मा र दुवै देशका सम्वद्ध मन्त्रालयका वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको थियो ।

मितिः २०८२ कार्तिक २७ गते बिहीवार

जितेन्द्र बस्नेत
सहसचिव/प्रवक्ता

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
Website: http://www.moics.gov.np





